लोक सेवा आयोग

सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा

परीक्षा संचालन शाखा

# प्रहरी निरीक्षक तथा प्रहरी सहायक निरीक्षक पदको परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | २०७६/१०/०१ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०७७/०७/२७ | निर्णय मिति : २०७७/०७/२७ |
|---|---|---|---|---|---|---|

कोभिड - १९संक्रमणका कारण स्थगित रहेको **नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार देहाय बमोजिमका पदहरुको **खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा** देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान (खण्ड क) | पेशागत व्यवहारिक परीक्षण (खण्ड ख) | | |
| १ | ०४ (०७६/७७) | खुला तथा समावेशी | प्रहरी सहायक निरीक्षक | २०७७ मंसिर १८ गते दिनको १:०० बजे (५० मिनेट) | २०७७ मंसिर १९ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | २०७७ मंसिर २० गते दिनको १:०० बजे (२ घण्टा १५ मिनेट) | २०७७ मंसिर २० गते दिनको ३:२५ बजे (४५ मिनेट) | ५३३८ | लोक सेवा आयोगको परीक्षा सञ्चालन गर्ने कार्यालयले तोके बमोजिम हुनेछ । |
| २ | ०३ (०७६/७७) | खुला तथा समावेशी | प्रहरी निरीक्षक | २०७७ मंसिर २८ गते दिनको १:०० बजे (५० मिनेट) | २०७७ मंसिर २९ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | २०७७ मंसिर ३० गते दिनको १:०० बजे (२ घण्टा १५ मिनेट) | २०७७ मंसिर ३० गते दिनको ३:२५ बजे (४५ मिनेट मिनेट) | २०१४ | परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

## प्रहरी सहायक निरीक्षक पदको लिखित परीक्षा सञ्चालन गर्ने आयोगका कार्यालयहरु

| क्र.सं. | दरखास्त फाराम बुझाएको क्षेत्र | परीक्षा संचालन गर्ने कार्यालय | परीक्षार्थी संख्या |
|---|---|---|---|
| १ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर, फोन नं. ०२१-४३५००१ | धनकुटा कार्यालय | ७९९ |
| २ | २ नं. प्रदेश प्रहरी कार्यालय, जनकपुर, फोन नं. ९८५४०२९७४१ | जलेश्वर कार्यालय | ४४९ |
| ३ | बागमती प्रहरी कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२१४९९ | हेटौंडा कार्यालय | २२५ |
| ४ | महानगरीय प्रहरी कार्यालय, रानीपोखरी, काठमाडौं, ०१-४२३१४६६ | काठमाडौं कार्यालय | २०४८ |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा, ०६१-४६२५०० | पोखरा कार्यालय | ४२५ |
| ६ | ५ नं. प्रदेश प्रहरी कार्यालय, दाङ, ०८२-५२३४१० | दाङ कार्यालय | ५८८ |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत, ०८३-५२०८११ | सुर्खेत कार्यालय | ४८७ |
| ८ | सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय, दिपायल, ०९४-४१२१४८ | दिपायल कार्यालय | ३१७ |

**द्रष्टब्यः**

**१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ ।**

**२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।**

**३. परीक्षा भवनमा झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध गरिएको छ ।**

**४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।**

**५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।**

**६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।**

| | **तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ ।** |
|---|---|
| **१** | **तृतीय पत्र खण्ड (क)पेशागत अभिवृत्ति परीक्षण (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त खण्ड क को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा खण्ड ख को उत्तरपुस्तिका वितरण हुनेछ, उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ ।** |
| **२** | **परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिन्ने लगायतका कार्य गर्न गराउन पाइने छैन ।** |
| **३** | **पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत  प्रहरी निरीक्षक पदको लागि Critical Analysis/Problem solving, Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ भने प्रहरी सहायक निरीक्षकको लागि Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ ।** |
| **४** | **उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।** |
| **५** | **परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ ।** |

| **कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु** |
|---|
| १. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ। |
| २. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **एक घण्टा तीस मिनेट अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ । |
| ३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ । |
| ४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन । |
| ५. परीक्षार्थीले उत्तरपुस्तिकामा लेखिसके पश्चात बाँकी रहेको **उत्तरपुस्तिकाको खाली स्थान स्वयंले काटी बुझाउनु** पर्नेछ । |
| ६. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी **उत्तरपुस्तिका बुझाएको हस्ताक्षर गरी बाहिर जानु** पर्नेछ। |
| ७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ । |

राजु सत्याल
शाखा अधिकृत

नारायणप्रसाद ज्ञवाली
उप सचिव